## यूनेस्को

FES संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन सम्बन्धित स्कूल परियोजना नेटवर्क (यूनेस्को एस्पनेट समूह) को एक सदस्य हो र यसले वातावरणको मामिलामा ब्रिटेनको समूहलाई सल्लाह दिन्छ । एण्डि मिडलटन यसका अध्यक्ष र वातावरण सल्लाहकार हुन् भने पिटर व्हिलर दिगो विकास सल्लाहकार हुन् ।

विशेष गरी वातावरणको विषयमा चाख राख्ने स्कूलहरुको लागि FES ले वन्यजन्तु बगैंचालाई मुख्य पायलट परियोजना बनाउन बर्षौंदेखि अग्रणी भूमिका खेल्दै आएको छ । अरु स्कूलहरुलाई पनि पर्यावरणबारे जिज्ञासु बनाउन यसले सहयोग गरेको छ । एण्डिले विभिन्न कक्षा र प्रस्तुतिहरु दिएका छन् र बैठक र सभासम्म्लनमा भाग लिएका छन् । यूनेस्कोको लागि उनले स्कूल, पुस्तकालय र लिभरपुल क्याथेड्रलमा विभिन्न फोटो प्रदर्शनीहरु गरेका छन् ।

FES का सदस्यहरु यूनेस्कोसँग सम्बन्धित विषयको सेमिनारमा जेनेभाको संयुक्त राष्ट्र प्यालेसमा पनि सहभागी भएका थिए । त्यस्तै International Union for Conservation and Nature (IUCN) र UN Environmental Programme (UNEP) सँग भएका मिटिङहरुले FES का परियोजनाहरु विकसित गर्न सघाउ पुर्याएको थियो । त्यसपछि एण्डि मिडलटन न्यूयोर्कको संयुक्त राष्ट्र साधारण सभामा भएको एक सेमिनारमा सहभागी भए । त्यहाँ नजिकै रहेको अमेरिकी यूनेस्को कार्यालयले पनि स्वागत गरेको थियो ।

एस्पनेटसँग सम्बद्ध नभएका र हुन नचाहनेहरुका स्कूलहरुका लागि ECAFFES एउटा वैकल्पिक परियोजना हो । यद्यपि हामी यूनेस्कोसँग पनि सम्बद्ध हुन सुझाव दिन्छौं ।

न्यूयोर्कस्थित संयुक्त राष्ट्रको साधारण सभाले सन् २०११ लाई “अन्तर्राष्ट्रिय वनजंगल वर्ष” घोषित गरेको छ । सन् २०१० को “अन्तर्राष्ट्रिय जैविक विविधता वर्ष” झैं FES ले आफ्नै तरिकाले प्रतिक्रिया दिएको छ । यसका दुई प्रकाशनहरुमध्ये एउटा विश्वका जंगली जनावरहरुसम्बन्धी क्यालेन्डर हो र अर्को लोकप्रिय गीति संग्रहको सीडी हो जुन सन् २०११ र बढ्दो जीवजन्तुको सामूहिक लोप हुनबाट बचाउने कुराहरुको बारेमा छ। यसका साथै “अन्तर्राष्ट्रिय वनजंगल वर्ष” बारे फोटो प्रदर्शनी, छलफल र प्रस्तुतिहरु वर्षभरि नै भइरहनेछन् ।

**अन्तर्राष्ट्रिय जैविक विविधता वर्षः**

संयुक्त राष्ट्रले सन् २०१० लाई जैविक विविधताको अन्तर्राष्ट्रिय वर्षको रूपमा घोषणा गरेको थियो । संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक संगठन (यूनेस्को) संयुक्त राष्ट्र संगठनहरुमध्येको एक ठूलो संस्था हो जसले यो विषयलाई प्रोत्साहन गर्न अग्रणी भूमिका खेलेको थियो । यूनेस्कोको UK Commission ले पनि चासो देखाई यसका विभिन्न सदस्यहरुका साथै एण्डि मिडलटनलाई पनि संयुक्त राष्ट्रको घोषणामा साथ दिन आग्रह गरेको थियो । व्यक्ति र

विद्यार्थीहरु जैविक विविधताको विषयमा पूर्णरुपमा सहभागी हुन पाउन् भन्ने उद्देश्यले यूनेस्कोले स्कूलहरुको लागि पनि विभिन्न शैक्षिक गतिविधिहरु सफलतापूर्वक संचालन गरेको थियो । यसबारे एण्डि मिडलटनको लेख यहाँ पढ्नुहोस् ।

**FES मा Earth Charter कार्यान्वयन**

FES का धेरैजसो उद्देश्यहरु जस्तै दिगो जीवन, दिगो विकास र पर्यावरणीय पूर्णता आदिमा Earth Charter Initiative (ECI) को पनि चासो भएकोले FES का संस्थापक र अध्यक्ष एण्डि मिडलटनले यो संस्थालाई समर्थन गरेका छन् । लोपोन्मुख जीवजन्तुको संरक्षण गर्ने उद्देश्य भएका केही अन्तर्राष्ट्रिय योजनामा FES ले सरोकार राखेको छ ।

ECI लाई समर्थन गरेपछि सन् २००५ मा एम्सटर्डयाममा सम्पन्न Earth Charter +5 सम्मेलनमा एण्डि मिडलटन पनि एक प्रतिनिधि थिए। त्यसकै परिणामस्वरुप FES ले आफ्ना नीति तथा कार्यक्रमहरु Earth Charter को सिद्धान्तअनुसार निर्माण गरेको छ ।

**अग्रपंक्तिमा FES**

एम्स्टर्डयाममा सम्पन्न सम्मेलनमा सहभागी भएका तीन ब्रिटिश प्रतिनिधिमध्ये संरक्षणवादी गैरसरकारी संस्थाको प्रतिनिधित्व गर्ने FES मात्र थियो । त्यस सम्मेलनमा FES ले मौलिक दृष्टिकोण प्रस्तुत गरेको थियो ।

तीन दिने प्रस्तुति र छलफलको क्रममा एण्डिको एक प्रश्नको जवाफ दिंदै मेक्सिकोको वातावरण तथा प्राकृतिक सम्पदा मन्त्रालयकी टियाहोगा रुज सेफरले FES जस्ता गैरसरकारी संस्थाहरुको अनुभव र विशेषज्ञताले गर्दा निम्न वर्गमा अग्रपंक्तिमा काम गर्नको लागि महत्वपूर्ण भूमिका खेल्ने र साथै प्रायः परिवर्तन भइरहने सरकारी निकायभन्दा यी संस्थाहरु स्थायी पनि रहने कुरा व्यक्त गरेकी थिइन् ।

त्यस्तै तीनपटक हल्याण्डका प्रधानमन्त्री भइसकेका र Earth Charter International का संस्थापक रुट् लुबर्सले एण्डि मिडलटनलाई भनेका थिए "Earth Charter नयाँ क्षेत्रहरुमा अगाडि बढ्दैछ ... त्यसैले तपाईंको क्षेत्रमा नयाँ गठबन्धन बनाउनु जरुरी छ । FES ले Earth Charter Initiative लाई समर्थन गरिसकेको अवस्थामा तपाईंहरु आफ्नो विशेषज्ञताको क्षेत्रमा साधारण तवरले भन्दा पनि कार्यकर्ता र अधिकारकर्मीलेझैं काम गर्नुभयो भने हामी सबैलाई राम्रो हुन्छ ।

**नेपालमा FES का परियोजनाहरुः**

त्यसैले सबैको सल्लाहलाई आत्मसात् गरेर हामी सबैको भलो हुने अन्तर्राष्ट्रिय सम्बन्धहरु निर्माण गर्दैछौं । नेपालमा भएको हाम्रो चितवन सहकार्य परियोजनाले वन्यजन्तु र तिनका

वासस्थानलाई पर्या-पर्यटनको माध्यमले रक्षा गर्नुका साथै पर्यावरणीय सन्तुलन कायम राख्दै बढी भएको प्राकृतिक वस्तुको उपयोग गर्ने काम गर्छ ।
यस्तैखालको अर्को परियोजना नेपालमा रहेको एक सिङे गैंडा बचाउने पहल हो जुन डच वैदेशिक मामिला मन्त्रालयद्वारा सहयोगप्राप्त वातावरण अध्ययनको लागि एक संस्था Poverty Reduction and Environmental Management Programme (PREM) ले गर्छ ।

नेपालमा रहेका हाम्रा Earth Charter International का आधिकारिक साझेदारहरुमा सन् २००५ मा एम्सटर्डयाममा सम्बन्ध स्थापना गरिएका Earth Society Nepal र Rural Centre for Community Development जस्ता गैरसरकारी संस्थाहरु पर्दछन् ।

**शिक्षाबाट परिवर्तन**

डच प्रधानमन्त्री जान् पिटर बाल्केनेन्द ले ECI+5 सम्मेलनको अन्तिम दिनमा घतलाग्दो भाषण दिए । उनको भाषणमा सामाजिक विकास समुदायबाट उत्पन्न हुन्छ र परिवर्तन ल्याउने काम सबैभन्दा गाह्रो कुरा हो भन्ने मूल सन्देश थियो । यही परिवेशहरु नै संरक्षणको को लागि चुनौती बनेका छन् । Wildlife Zone ले यो समस्यासँग मुकाबिला गर्न आफ्ना गतिबिधिहरु जारी राखेको छ ।

FES ले रुपान्तरणीय शिक्षाद्बारा आवश्यक परिवर्तन गरी दिगो जीवन-उन्मुख मानसिक सोच विकास गर्न मद्दत गर्छ । हाम्रो शैक्षिक योजना र गतिविधिको लागि हामीले Earth Charter लाई एक रुपरेखाको रुपमा लिएका छौं ।

The Decade of Education for Sustainable Development (UNDESD) FES को लागि एउटा महत्त्वपूर्ण कार्यक्रम हो । मानसिक सोचको परिवर्तन नै वातावरण र वन्यजन्तुका अनगिन्ती समस्याहरु समाधान गर्ने उपाय हो । Earth Charter ले - वातावरणीय कार्यहरु जसले जैविक विविधता र जीवन सुधार्ने पर्यावरणीय तरिकाहरुलाई महत्त्व प्रदान गर्छन् र जहाँ समाज, वातावरण र अर्थव्यवस्था अन्तर्सम्बन्धित हुन्छन् त्यसलाई नै दिगोपन भनेको छ ।

**सहस्राब्दी विकास लक्ष्यहरु**

FES ले गरेका प्रतिबद्धताहरुबाट सन् २००० मा संयुक्त राष्ट्रले घोषणा गरेको सहस्राब्दी विकास लक्ष्य (MDG) मा Earth Charter को साथसाथै FES ले पनि सरोकार राख्दछ भन्ने थाहा हुन्छ । सन् २००२ मा यूनेस्कोले UNDESD सन् २००५ मा शुरू हुनुपर्छ र Earth Charter International ले त्यसलाई लागू गराउनुपर्छ भन्ने घोषणा गर्यो । यो फाउण्डेशनले विशेषतः सातौं सहस्राब्दी विकास लक्ष्य "वातावरणीय दिगोपना सुनिश्चित गर्ने" मा ध्यान दिएको छ ।

**United Nations Decade of Education for Sustainable Development**
**UNDESD**

सन् २००५ को डिसेम्बरमा बेलायतको लण्डनमा यसको आधिकारिक शुभारम्म गर्दा एण्डि मिडलटनले उपस्थिति जनाएसँगै FES ले UNDESD को पहललाई साथ दिंदै आएको छ । FES ले UNDESD र यसका उद्देश्यहरुबारे जनचेतना जगाउने काम गर्छ ।

यूनेस्कोको ब्रिटिश आयोगको स्कूल समूहसँग काम गरिसकेपछि भने FES ले औपचारिक रुपमा शैक्षिक भूमिका खेल्दै आएको छ । तरपनि UNDESD को लागि अनौपचारिक शैक्षिक गतिविधिहरुलाई पनि कायम नै राखेको छ। जस्तै, साप्ताहिक रेडियो कार्यक्रम The Andy Mydellton Wildlife Zone, मासिक लेखहरु, वेबसाइट, सार्वजनिक प्रस्तुति आदि।